श्री

कन्चनपुर जिल्ला अदालत

तहशील शाखाबाट जारी

<u>दशीका दुईपाङ्ग्रे सवारी साधनहरू र ट्याक्ट्ररको ट्रली एक-एक गरी लिलाम बडाबडद्वारा इच्छुक व्यक्ति वा संस्थालाई बिक्री गर्ने सम्बन्धी जरूरी सूचनाः-</u>

सूचना प्रकाशन (लागू हुने मिति २०७७।१२।०६ देखि मिति २०७८।०२।०५ सम्म मात्र)

यस अदालतमा बिभिन्न मुद्दाहरूमा दशी स्वरूप दाखिला हुन आएका जिन्सीमा आम्दानी बाँधिएका दशीका दुईपाङ्ग्रे सवारी साधनहरू ७ (सात) थान र १ (एक) थान ट्याक्ट्ररको ट्रली जे जस्तो अवस्थामा छन् सोही अवस्थामा जिल्ला अदालत नियमावली, २०७५ को नियम ९२ तथा आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम एक-एक गरी लिलाम बडाबडद्वारा बिक्री गरिने भएकोले यस अदालतको मिति २०७७।०९।१२ को निर्णय र मिति २०७७।०९।१९ गते बसेको समितिको निर्णयानुसार लिलाम बडाबडमा सहभागी हुन चाहने व्यक्ति वा संस्थाले मिति २०७७।१२।०६ गते देखि मिति २०७८।०२।०५ गते अड्डा समय सम्म यस अदालतबाट जारी गरिएको दरखास्त (रू.३००/- फिर्ता नहुने गरी) निवेदन लिई आफ्नो नेपाली नागरिक्ताको प्रमाणपत्रको प्रतिलिपि सहित आफूले न्यूनतम मूल्य रकम भन्दा माथीको बोलकबूल गरेको रकमको १३% मूल्य अभिबृद्धि कर समेत चुक्तागरी सो सवारी साधनहरू जे जस्तो अवस्थामा छन् सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजान हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यी सवारी साधनहरू नयाँ २०१९ तथा २०२० मोडेलका भएका र बजार मूल्य भन्दा झण्डै ५०% कम मूल्यका भएको व्यहोरा समेत सूचित गरिन्छः-

(महिमामसिंह विष्ट)

तपशील

| सिं.न. | जिन्सी नं. | आदेश मिति | वादी | प्रतिवादी | मुद्दा | मोटरसाइकल नं. | प्राविधिकले तोकेको न्यूनतम मूल्य रू. | समितिले कायम गरेको मूल्य रू. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | ऐ. | ऐ. | ऐ. | ऐ. | ऐ. | सु.प.प्र.०१प. ००८-५३४३ | १,१९,३४०/- | ,१,१९,३४०/- | |
| २. | ऐ. | ऐ. | ऐ. | ऐ. | ऐ. | सु.प.प्र.००१ ०७-७३८७ | १,२८,९४०/- | १,२८,९४०/- | |
| ३. | ऐ. | ऐ. | ऐ. | ऐ. | ऐ. | से.६ प.२५८३ | १,०४,९५०/- | १,०४,९५०/- | |
| ४. | ऐ. | ऐ. | ऐ. | ऐ. | ऐ. | से.७ प.३८७९ | १,१८,१९५/- | १,१८,१९५/- | |
| ५. | ऐ. | ऐ. | ऐ. | ऐ. | ऐ. | से.६.प.१११३ | १,०७,४५०/- | १,०७,४५०/- | |
| ६. | ९४५ | ऐ. | राजेश खत्रीको जाहेरीले नेपाल सरकार | प्रकाशसिंह ऐर | मुद्दा | म.३ प.१६१६ | १,२८,३४०/- | १,२८,३४०/- | |
| ७. | ९४५ | ऐ. | राजेश खत्रीको जाहेरीले नेपाल सरकार | प्रकाशसिंह ऐर | मुद्दा | ट्रेक्टरको ट्रली म. १ त. १०३२ | १,५०,०००/- | १,५०,०००/- | |

(महिमासिंह विष्ट)

१. लिलाम बडाबड हुने सवारी साधनहरू हेर्न चाहेमा वा यस सम्बन्धमा थप कुरा बुझ्नुपर्ने भए अड्डा समय भित्र विहान १०.०० बजे देखि बेलुका ५.०० बजे सम्म यस अदालतको तहशील शाखामा सम्पर्क गर्न सकिनेछ।

२. जिल्ला अदालत नियमावली, २०७५ को नियम ९२ को उपनियम १३ को कानूनी व्यवस्थाः- यस नियम बमोजिम लिलाम वा विक्री भएका सवारी साधन वा दर्ता गर्नुपर्ने मेशनरी सामान लिलाम सकार वा खरिद गर्ने व्यक्तिको नाममा दर्ता गर्न सम्बन्धित निकायमा लेखी पठाउनु पर्ने भएकोले ती सवारी साधनहरू दर्ताको लागि आवश्यक सहजीकरण गरिने छ।

३. लिलाम बडाबड सम्बन्धी सम्पूर्ण अधिकार यस अदालतमा रहने छ।

(महिमानसिंह विष्ट) तहसिलदार शा.अ.

तहशीलदार शाखा अधिकृत

इति संवत् २०७७ साल चैत महीना ५ गते रोज ५ शुभम्.......................................................।